# मायादेवी गाउँपालिका
## Mayadevi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
कम्हरिया, रुपन्देही / Kamhariya, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Letter No.:
चलानी नं. / Ref. No.:

मिति २०७९/०५/२०

## मायादेवी गाउँपालिकाको सूचना

सेवाग्राहिहरुको सहजताका लागी राष्ट्रिय परिचयपत्र ,रहादानी र श्रम स्विकृतीको अनलाईन आवेदन यस कार्यालयवाट निशुल्क भर्ने व्यवस्था मिलाईएकोले राष्ट्रिय परिचयपत्र , रहादानी र श्रम स्विकृतीको अनलाईन आवेदन गर्नुपर्ने सेवाग्राहीले यस मायादेवी गाउँपलिकाको कार्यालयमा तपसिलका कागजात सहित सम्पर्क राख्नुहुन अनुरोध छ।

**राष्ट्रिय परिचय पत्र बनाउन छुटाउनु भएका नागरिकहरुको लागिः**

राष्ट्रिय परिचय पत्र बनाउनको लागि निम्न लिखित योग्यता चाहिन्छ।

- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र।
- नागरिकताको प्रमाणपत्रमा जन्म मिति नखुलेकाको हकमा सो खुल्ने प्रमाण।
- नागरिकता प्रमाणपत्रमा उल्लेख भएको ठेगाना भन्दा फरक ठेगाना भएमा त्यस्तो ठेगाना प्रमाणित गर्ने बसाई सराई वा बसोबास प्रमाणित भएको कागजात।
- नागरिकताको प्रमाणपत्रमा पति पत्नीको नाम नखुलेमा विवाह दर्ता प्रमाणपत्र वा विवाह प्रमाणित भएको कागजत वा नाता प्रमाणित वा पति पत्नी भएको प्रमाणित हुने अन्य कागजात।
- नागरिकताको प्रमाणपत्रमा अंग्रेजीमा नाम नखुलेको भए सम्भव भएसम्मा अंग्रेजीमा नाम खुल्ने कागजात।
- विवरण पुष्टि गर्ने अन्य कागजातहरु।

राष्ट्रिय परिचयपत्रको फारम भर्ना छुटाउनुभएका नागरिकहरुले यस कार्यालय बाट निशुल्क अनलाईन फारम Pre-Enrollment Form भर्न सक्नुहुन्छ।
अनलाईन फारम भरिसकेपछि जारी भएको Application id वा QR Code सहितको Receipt को Print लिएर जैविक विवरणको लागि जिल्ला प्रशासन कार्यालय राष्ट्रिय परिचय पत्र ईकाईमा जानु पर्दछ।

अधिकृत

# मायादेवी गाउँपालिका
# Mayadevi Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

कम्हरिया, रुपन्देही / Kamhariya, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Letter No.:
चलानी नं. / Ref. No.:

मिति :- २०८१।०४।२०

**रहदानी विभाग बाट राहादानी प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु सम्बन्धी सूचनाः**

पूर्व प्रत्यक्ष दर्ता प्रणाली (Pre-live enrollment) बाट रहादानीका लागि आवेदन गर्न चाहनुहुने महानुभावहरुले निम्न वमोजिमका कागजात अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ ।

१. राष्ट्रिय परिचयपत्र नम्बर (NIN NO.)

२. नेपाली नागरिकता प्रमाण पत्र / नावालकको हकमा नाबालक परिचयपत्रको सक्कल ।

३. पुरानो रहादानी Renew गर्नु पर्नेभएमा माथिका १ र २मा उल्लेखित भएकागजात र पुरानो रहदानीको सक्कल ।

अनलाईन रहादानीको फारम भरिसकेपछि जारी भएको Application id वा QR Code सहितको Receipt को Print लिएर जैविक विवरणको लागि जिल्ला प्रशासन कार्यालय रहादानी शाखामा जानु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत

मायादेवी गाउँपालिका
Mayadevi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
कम्हरिया, रुपन्देही/Kamhariya, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.:
चलानी नं./Ref. No.:

मिति:-२०८१/०५/२०

<u>श्रम तथा रोजगार कार्यालय बाट श्रम स्विकृती प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु सम्बन्धी सूचनाः</u>

- नेपाली नागरिकता प्रमाण पत्र।
- रहादानीको सक्कल प्रति।
- तपाइले कल्याणकारी कोष र बिमा बापतको रकम।
- बिमाको रकम उमेर अनुसार फरक फरक लाग्ने गर्दछ
  ३५ बर्षभन्दा मुनीकोलाई ३७०८,
  ३५-५० वर्षकोलाई ४९३१ र सो भन्दा माथिकोलाई ९४७० लाग्दछ।
- कल्याणकारी कोषको लागी सबै उमेर समुहका व्यक्तिहरुको लागी रु १५०० लाग्दछ।

अनलाईन श्रम स्विकृतीको फारम भरिसकेपछि जारी भएको Application id वा QR Code सहितको Receipt को Print लिएर श्रम स्विकृतीका लागि श्रम तथा रोजगार कार्यालय बुटवल, रुपन्देहीमा जानु पर्दछ।

*नोटः राष्ट्रिय परिचयपत्र,रहादानी र श्रम स्विकृतीको लागि आवेदन गर्न चाहनुहुने महानुभावहरुले मायादेवी गाउँपालिकाको सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई बाट निशुल्क फारम भर्न सक्नुहुन्छ।*

..............................
(कृष्ण प्रसाद तिमिल्सिना)
प्रमुख प्रशासकीय अधिकृत